# कटारी नगरपालिकाको
# सातौं नगर सभामा प्रस्तुत नीति तथा कार्यक्रम
# आर्थिक वर्ष २०७८/०७९
# यस नगरपालिकावाट पेश भएको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

**यस गरिमामय सातौं नगर सभाका सभाध्यक्ष ज्यू,**
**आदरणीय नगरवासीहरु तथा नगरसभाका सबै सभासदज्यूहरु,**

संघीयताको सफल कार्यान्वयन र हाल विश्व महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस कोभिड-१९ दोश्रो लहरको महामारिको चपेटामा परिरहेको चुनातीपूर्ण र असहज स्वास्थ्य अवस्थामा आज कटारी नगरपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम यस गरीमामय नगर सभा समक्ष प्रस्तुत गर्दैछु ।

बलिदानीपूर्ण संघर्षबाट प्राप्त ऐतिहासिक संविधान सभाद्वारा जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीयतहका अधिकारहरुलाई अभ्यास गर्ने क्रम अघि बढिरहेको अवसरमा म लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यस अवसरमा विभिन्न आन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरु प्रति उच्च सम्मान गर्दै यस अवसरमा नेपालका राजनीतिक, सामाजिक आन्दोलनको नेतृत्व प्रदान गर्दै मुलुकको प्रगति र समृद्धिका लागि सम्पूर्ण जीवन समर्पण गर्नु हुने तथा विभिन्न राजनीतिक विचारको नेतृत्व गर्नु हुने सम्पूर्ण अग्रज नेताहरु प्रति सम्मान प्रकट गर्न चाहन्छु ।

नागरिकको सबैभन्दा नजिकको सरकारबाट प्रदान गरिएको सेवा नै छिटो, छरितो र प्रभावकारी हुन्छ भन्ने संघीयताको मूलमर्म अनुरुप नीति, कानून तथा योजना बनाउने र कार्यान्वयन गर्ने काम स्थानीय स्तरमै हुने भएकाले कटारी नगरपालिकाको समग्र विकासमा सर्वसाधारणले नै महसुस गर्ने गरी उल्लेख्य सुधारका कामहरु शुरु भएको जानकारी दिनपाउँदा हर्षित छु ।

कटारी न.पा. भित्र भौतिक पूर्वाधारका क्षेत्रमा उल्लेखनीय उपलब्धी भएता पनि गुणस्तरिय र दिगो विकासका लागि नगरपालिका दत्तचित्त छ । चालु आ.व. २०७८/०७९ मा नगर बजार क्षेत्रका सम्पूर्ण बाटोहरू कालो पत्रे तथा ढलानको कार्य सम्पन्न हुने तयारीमा छन् ।

नगर भित्रका विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन एक विद्यालय एक ल्यापटप, बालबालिकालाई शैक्षिक सामाग्रि वितरण, प्रारम्भिक बालविकास कक्षामा अध्यापनरत सहजकर्ताहरुलाई नेपाल सरकारको नीति बमोजिम न्यूतम परिश्रमिक सेवा सुविधा र बालबालिकाहरुलाई लागू पदार्थको दुर्व्यवसनवाट बञ्चित गर्न स्काउट तालिमको व्यवस्थ गर्ने नीति लिईएकोछ । शैक्षिक सुधार र गुणस्तर कायम गर्नुपर्ने मुख्य दायित्वलाई केन्द्रमा राखी यस नगरका शैक्षिक कार्यक्रमहरू तर्जुमा गर्ने नीति लिईएको छ ।

स्वास्थ्यका क्षेत्रमा कोभिड-१९ का कारणले सिर्जित मानव त्रास र असरलाई न्यूनीकरण गर्नका लागि खोप, आईसोलेशन, क्वारेनटाईन र त्यसको व्यवस्थापनका लागि आवश्यक कदमहरू चालिएको छ । सुत्केरी, गर्भवती महिलाहरूका लागि नि:शुल्क एम्बुलेन्स, अल्ट्रा साउण्ड पोषण युक्त खानेकुरा वितरण र अन्य स्वास्थय सम्बन्धी सेवाहरु सञ्चालनलाई निरन्तरता दिईनेछ ।

कृषकहरुको उत्पालनलाई बृद्धि गर्न आधुनिक कृषि सम्बन्धी तालिम, कृषि पेशाबाट आत्म निर्भर हुन कृषिको व्यवसायिक खेती गर्ने सहकारी, समूह तथा व्यक्तिलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याईएको छ । कोभिड-१९ का कारणले वैदेशिक रोजगारबाट फर्केका बेरोजगार युवालाई युवा लक्षित कृषि तरकारी फलफूल व्यवसायमुखी कार्यक्रमका लागि योजना तर्जुमा गर्ने लक्ष्य राखिएको छ भने करार खेतीलाई निरन्तरता दिईएकोछ ।

युवा तथा खेलकुद क्षेत्रको विकासकालागि सीपमूलक कार्यहरु वडास्तर मै प्रभावकारी रुपमा संचालन भएका छन् । नेपाल सरकारले प्रदान गरेको सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन नागरिक अभिलेखलाई थप व्यवस्थित गरिएको छ ।

न्याय तथा मेलमिलाप समितिबाट पिडित र पीडक पक्षलाई राखी न्याय सम्पादन गर्ने कार्य वडा वडामा विस्तार गरिएको छ ।

प्रतिवर्ष निश्चित रोजगारी प्रदानगर्ने उद्देश्यले नेपाल सरकारले ल्याएको प्रधनामन्त्री रोजगार कार्यक्रम कटारी नगरपालिका मापनि सुरुवात भएकोछ र अब विगतका वर्षभन्दा आगामी आर्थिक वर्ष ०७७/०७८ माउत्पादन क्षेत्रलाई प्राथमिकतामा राखी कार्यक्रमहरु तय गर्ने योजना सहित अघि बढ्ने नीति अवलम्बन गरिएको छ ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गर्दा नेपालको संविधानको मर्म एवं निर्देशक सिद्धान्तहरु,दीगो विकासका लक्ष्यहरु, संघिय र प्रादेशिक तहबाट जारी गरिएका योजनाका आधारका साथै नगरवासीहरुको सहभागितामा मस्यौदा तयार गरी कटारी नगरको दिर्घकालीन विकासको सोचलाई आधार मानि आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमहरु तय गरिएको छ ।

## नगरकार्यपालिकाको प्रमुखज्यूको आदेशानुसार आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु :

### १. भौतिक पूर्वाधार

१. MTMP नगर यातायात गुरुयोजना तयार गरी सडक स्तरोन्नतीका लागि कार्यक्रम तयार गरिनेछ ।
२. आफ्नो कार्यालय भवन नभएका वडा कार्यालयहरुलाई कार्यालय भवन निर्माण गरी सेवा प्रवाह गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।
३. कटारी नगरपालिका भित्र रहेको एक मात्र बसपार्कको DPR तयार गरी निर्माण  कार्यको थालनी गरिनेछ ।
४. नगरपालिका केन्द्रवाट वडा कार्यालय केन्द्रसम्म सडक संजाललाई मौसमानुकुल यातायात संचालन हुने गरी पूर्वाधार निर्माण का कार्यलाई निरन्तरता दिईनेछ ।
५. वडा स्वास्थ्य सेवा केन्द्र नभएका वडाहरुमा स्वास्थ्य सेवा भवन निर्माण का लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
६. चिसापानी हुँदै कटुन्जेवाट लिम्पाटार सडक स्तरोन्नतीका लागि आवश्यक निर्माणका कार्य अगाडी बढाईनेछ ।
७. नगरपालिकाको निर्माणाधिन कार्यालय भवनलाई आवश्यक बजेटको व्यवस्था गरी निर्माण कार्यलाई निरन्तरता दिई सम्पन्न गरिनेछ ।
८. मंयाखु सडक नियमित सञ्चालनका लागि स्तरोन्नती गरीनेछ ।

९. सडक संजालमा आवश्यक परेका पुल पुलेसाहरुको DPR तयार गरी पुल पुलेसा निर्माणका लागि आवश्यक कार्यलाई निरन्तरता दिईनेछ ।

१०. सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार, कक्षा कोठा, बेराघेरा, शौचालय, खेल मैदान, शुद्ध पिउने पानीको व्यवस्था तथा अन्य भौतिक सुधारका कार्यहरु गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

११. बासँबारी सोरुङ्ग छविसे सडक नियमित सञ्चालनका लागि स्तरोन्नती गरी सडक सञ्चालनमा ल्याईने छ ।

१२. ट्रयाक खोलिएका तथा हाल संचालनमा रहेका कच्ची, ग्राभेल र पक्की सडकहरुलाई नियमित मर्मत संभारको व्यवस्था मिलाई यातायात संचालनमा सहजता प्रदान गरिनेछ ।

१३. वडा नं. २ स्थित गँरासका भित्रि सडकहरु कालो पत्रे गरिनेछ ।

१४. खोलिएका सडकहरुलाई नापी नक्सामा लगत कायम गराउन आवश्यक कार्य यसै आर्थिाक वर्षवाट थालनी गरी सडक कायम गरीनेछ ।

१५. वडा नं. ५ का स्व. बल बहादुर थापा मगरको परिवारलाई सुरक्षित बाँसस्थानका लागि आवश्यक बजेट बिनियोजन गरिनेछ ।

## २. आर्थिक विकास

### २.१ कृषि तथा पशु कार्यक्रम

१. आर्थिक बर्ष २०७७/०७८ देखी संचालनमा आएको कृषि उत्पादन नियन्त्रण प्रणालि (सफटवेर)मा हाल सम्म दर्ता भएका कृषकहरु लाई दर्ता नं. सहितको परिचय पत्र वितरण गरी कृषक बर्गिकरणको आधारमा कृषि तथा पशु पालन सम्बन्धी कार्यक्रम संचालन गरीनेछ  र यसै प्रणलि मार्फत मल,बिउ माग तथा आपुर्ति व्यबस्थापन गरिनेछ ।

२. कृषि सेवा लाई अझ व्यबस्थित र सुदृढ गरी कृषक माझ सरल रुपमा सेवा पुर्‍याउन मोबाईल बाटै चलाउन सकिने कटारी कृषि एप संचालनमा ल्याइनेछ र कृषकलाई आवश्यक सेवा सम्बन्धी कार्य एप बाटै संचालन गर्ने गरी कार्य अगाडि बढाईनेछ ।

**३.** कृषि सामाग्री, उन्नत बिउ विजन खरिद, दुग्ध संकलन घाँस खेती आदीका लागि व्यवसायिक कृषक एवं कृषकहरु समूहहरुलाई प्रोत्साहन गरिनेछ ।

४. कृषिको व्यवसायिक खेती गर्ने सहकारी, समूह तथा व्यक्तिलाई साझेदारी कार्यक्रम गर्न प्रोत्साहित गरिनेछ ।

५. नर्सरी तथा जलासय युक्त पोखरी निर्माणमा साझेदारी निति अपनाएर कार्य गरिने छ ।

६. किसानको मागको आधारमा कृषकले लगाउने बालि र त्यसमा हुने उत्पादन नाफा,घाटा, लगानी आदी कुराहरु समेटेर व्यवसायिक योजना तयारी गरी कृषि तथा पशु शाखाबाट व्यवसायीक योजना उपल्बध गराईनेछ ।

७. कृषि सहकारी को माध्यम बाट सहकारी खेती प्रर्वद्धन गरिनेछ ।

८. कृषि उत्पादन वृद्धि गर्न सघाउ पुग्ने आधुनिक कृषि सम्बन्धी तालीमहरु संचालन गरिनेछ ।

९. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने कृषि खेतीका कार्यक्रमहरु चयन गरी आधुनिक कृषि उत्पादनमा जोड दिईने छ ।

१०. स्थानीय साधन, सीप र क्षमताको परिचालनबाट संचालन हुन सक्ने कार्यक्रमहरु पहिचान गरी संचालनको प्रकृया अगाडी बढाईने छ ।

११. उन्नत जातको पशु पालनका लागि कृषकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१२. सिंचाई हुने जमिनहरुका लागि क्रमिक रुपले सिंचाईको व्यवस्था मिलाई कृषकहरुको उत्पादनमा सहयोग पुऱ्याउने कार्यहरुलाई निरन्तरता दिईनेछ ।

१३. कृषकहरुको जिवनस्तर उकास्न करार खेतीलाई निरन्तरता दिईनेछ ।

१४. कृषकहरुवाट उत्पादित फलफूल तथा तरकारी एवम् कोल्डस्टोरमा स्टोरेज गर्न योग्य बस्तुलाई भण्डारण गर्न आधुनिक ४० मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माण गरिएकोछ भने अगामी आर्थिक वर्षमा यसलाई थप विस्तारका लागि जोड दिईनेछ ।

१५. कृषी हाट बजार निर्माण तथा व्यवस्थापन गरी किसानहरुको बजार सुनिश्चिततालाई निरन्तरता दिदै यसै बर्षवाट कृषि बजारलाई स्तरोन्नती गरी सञ्चालनमा ल्याईनेछ साथै प्रत्येक वडामा कम्तीमा एक कृषि हाटबजार तथा संकलन केन्द्र बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

१६. खसी बजार व्यवस्थापन गर्न कटारीमा व्यवस्थित खसी बोका संकलन केन्द्र तयार गर्न आवश्यक विस्तृत अध्ययन प्रकृया अगाडी बढाईनेछ ।

१७. कृषकहरुले उत्पादन गरेको बस्तु बजारीकरणको लागि अन्य पालिकाहरुसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाईनेछ ।

१८. पशुपालन, मत्स्यपालन, फलफूल वीउ विजन नगदेवालीमा अनुदानको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१९. पशुजन्य पदार्थहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न उत्पादन लागत न्यूनीकरणका प्रविधिहरुको उपयोग, फार्म सुधार यान्त्रिकीकरणलाई जोड दिइनुका साथै पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई अभियानकै रुपमा निरन्तरता दिईने छ ।

## २.२ पर्यटन

१. धार्मिक तथा ऐतिहासिक महत्व बोकेको महादेव गुफा लगायतका क्षेत्रको गुरुयोजना निर्माण गर्न समुदायसँग आवश्यक समन्वय गरिने छ ।

२. नगरमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकिय महत्वका स्थानहरु र साहित्य कला संस्कृतिको संरक्षण तथा सम्वर्धन गरिनेछ ।

३. आन्तरीक पर्यटनमा जोड दिँदै नगरपालिकामा रहेको सम्भावित पर्यटन क्षेत्र, सिमसार क्षेत्रहरुको स्तरोन्नती तथा संरक्षण र आवश्यक भौतिक पूर्वाधार निर्माण का कार्य गरिनेछ ।

४. वडा नं. ११ मा रहेको बेतेनी डाँडामा १ नं. प्रदेश कै नमूना पिक्निक स्पोर्टको रुपमा भौतिक पूर्वाधार विकासका कार्यहरु निर्माण गरिनेछ ।

## २.३ सहकारी

१. महिलाद्वारा संचालीत सहकारी संस्थाहरुवाट महिला दिदी बहिनीहरुको जीवन स्तर सुधार गर्नका लागि सहकारी सम्बन्धी तालिम र सहकारी संस्थाको व्यवस्थापन गरी आय आजर्नका लागि विशेष जोड दिईनेछ ।

२. नेपाल सरकारको नीति नियम बमोजिम सम्पूर्ण सहकारी संस्थाहरुलाई यही आर्थिक वर्ष भित्र Copomis आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।
३. ईन्टर नेटको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा रहेका सहकारी संस्थाहरुलाई मासिक विवरण Copomis मा प्रविष्ट गर्नका लागि न.पा. मा सहकारी हेल्प डेक्सको निर्माण गरिनेछ ।

## ३. सामाजिक विकास तर्फ

### ३.१ शिक्षा

१. आधारभूत तह शून्य दरबन्दी भएका विद्यालयहरुका लागि आवश्यक शिक्षण सहयोग अनुदान उपलब्ध गर्नुका साथै शून्य दरवन्दि भएका र एक दरबन्दी वा राहत कोटा भएका विद्यालयहरुका लागि शिक्षण सिकाई अनुदान उपलब्ध गराईनेछ ।
२. प्रारम्भिक बालविकास कक्षामा अध्यापनरत सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीको मासिक न्यूनतम पारिश्रमिक सेवा सुविधा पऱ्याउने नेपाल सरकारको नीतिलाई आत्मा सात गर्दै उचित व्यवस्थापन गरिनेछ ।
३. बालबालिकाहरुलाई लागू पदार्थको दुर्व्यवसनवाट बञ्चित गर्न लागू पदार्थ दुर्व्यसन विरुद्ध स्काउट परिचालनका साथै स्थानीय स्काउट कार्यलयको निर्माण गरी स्काउट सम्बन्धी आवश्यक आधारभूत तालिमको व्यवस्थापन प्रारम्भ गरिनेछ ।
४. किशोरीहरुको आत्मा रक्षाका लागि विद्यालयहरुमा आत्मा रक्षा सम्बन्धी तालिमको व्यवस्थापन गरिनेछ ।
५. नगरभित्रका विद्यालयलाई प्रविधि मैत्री बनाउन एक विद्यालय एक ल्यपटपको अवधारणालाई निरन्तरता दिईनेछ ।
६. सिकाई उपलब्धीका आधारमा शिक्षक विद्यार्थीलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था मिलाईननेछ ।
७. दिवा खाजा तथा छात्रा सेनेटरी प्याडको व्यवस्थालाई निरन्तरता दिईने छ ।
८. कटारी नगरपालिका भित्र रहेको लक्षीत समूहका ११ र १२ कक्षा पढ्ने वडा नं. १ देखि ७ सम्ममा अध्ययनरत छात्राहरुलाई शिक्षण प्रतिको लगाव र विद्यालय आवत जावतमा सहजीकरण गर्नका लागि एक छात्रा एक साईकल उपलब्ध गराउने नीति लिईनेछ ।
९. उपमेयरसँग छात्रा कार्यक्रम अर्न्तगत शैक्षिक अवश्था सुधारका लागि वडा नं. ८ देखि १४ सम्मका विद्यालयहरुको कक्षा ८ देखि १२ कक्षा सम्म अध्ययनरत लक्षित बर्गका छात्राहरुलाई आय आर्जन कार्यक्रम गराउने नीति लिईनेछ ।
१०. श्रीमान् शहर वा विदेश गएसँगै श्रीमति पनि शहर पस्ने प्रवृत्तिलाई निर्मूल गर्न बुहारीलाई शिक्षा, आवश्यक सीपसँगै स्वरोजगार बनाउन १०० जना बुहारीलाई प्रति बुहारी ५० हजार देखि १ लाखसम्म लगानी गरिनेछ । सासु ससुराको हेरचाह गरेको र सन्तान सामुदायिक विद्यालयमा पढाएकी बुहारीलाई यस्तो अनुदान प्रदान गरिनेछ । अनुदानसँगै थप ऋण लगानीका लागि बैंक तथा वित्तीय संस्थासँग सहकार्य गरिनेछ ।

### ३.२ स्वास्थ्य

१. महिला स्वयम सेविका हरुलाई प्रोत्साहन भत्ता दिईनेछ ।
२. परिवार नियोजन, महिला स्वास्थ्य, मानसिक स्वास्थ्य लगायत नसर्ने रोगहरुको पहुँच र जनचेतना फैलाउने कार्यक्रम गरिनेछ ।

३. किशोर किशोरीहरुलाई लागू औषध दूर्व्यसनीवाट टाढै राख्ने सचेतनामुलक कार्यक्रम निरन्तर रुपमा अघि बढाइनेछ ।
४. बेलसोतमा रहेका सर्पदंश उपचार केन्द्रको उपकरण तथा फर्निचरको लागि सहयोग गरिनेछ ।
५. मातृ र नवजात शिशुको स्वास्थ्यलाई ध्यानमा राखि ग्रामीण अल्ट्रासाउण्डको कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ ।
६. दोश्रो चरणको विश्व महामारीको रुपमा फैलिरहेको कोभिड १९ को रोकथाम लागि सम्पूर्ण स्वास्थ्य सेवाको पहुँच पुगेको स्थानमा र स्वास्थ्य सेवाको पहुँच नपुगेको स्थानहरुमा हेल्प डेक्सको निर्माण गरी फिवर क्लीनिक संचालन भई Antigen Test स्वास्थ्य चौकीवाट भईरहेकोमा आगामी आ.व.मा समेत यसलाई निरन्तता दिईनेछ ।
७. कोभिड १९ को महामारीवाट हुन सक्ने जोखिमलाई मध्यनजर गदै आम नागरीकहरुको खोप लगाउनु पाउनु पर्ने अधिकारलाई मनन गर्दै खोप, आईसोलेशन, क्वारेन्टाईन तथा अन्य स्वाास्थ्य समााग्रीहरुको व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
८. कोभिडको तेस्रो भेरियन्टको सम्भावनालाई ख्याल गर्दै व्यापक जनचेतना, स्वास्थ्य सावधानी, स्वास्थ्य चौकीमा डाक्टर,औषधि,अक्सिजन लगाएत अन्य स्वास्थ्यसँग सम्बन्धीत सामाग्रीहरुको व्यवस्थापनमा विशेष जोड दिईनेछ ।
९. गर्भवती महिलारुका लागि संचालन भई रहेको पोषणका कार्यक्रमहरु निरन्तर रुपमा संचालन गरीनेछ ।
१०. कटारी अस्पतालको सेवा प्रवाह र व्यवस्थापनका लागि निरन्तरता दिदैं सेवा प्रवाह अझ सरल र सहज बनाउन दक्ष जनशक्ति व्यवस्थापन गर्न उचित बजेटको व्यवस्थापन समेत गरिनेछ ।
११. कोरोना महामारिको तेश्रो लहरबाट बालबालिका बढी प्रभावित हुने विज्ञहरुले बताइरहेका छन् । त्यसैले पालिकाभरका सम्पूर्ण बालबालिकाहरुलाई कोरोना संक्रमणबाट जोगाउन र संक्रमित बालबालिकाका लागि उपचारको प्रबन्ध गर्न विशेष कार्यक्रम लागू गरिनेछ । बालमैत्री क्वारेन्टिन, आइसोलेसन तथा उपचारको व्यवस्था पालिकाले गर्नेछ ।

**३.३ खानेपानी, ढलनाला तथा सरसफाई कार्यक्रम**

१. लागत सहभागितामा खानेपानी तथा सरसफाई कार्यक्रम अघि बढाइने छ । खानेपानी इनार लाई वडागत रुपमा निर्माण गरिनेछ ।
२. शुद्ध खानेपानीको सहजता नभएका गाउँ बस्तीहरुमा खानेपानीको सहजताका लागि आवश्यक व्यावस्था मिलाईनेछ ।
३. नगरको शहरी क्षेत्रभित्र रहेका ढलहरुको सरसफाई गरी उचित व्यवस्थापन गरिनेछ ।
४. ल्याण्डफिल्ड साईड लाई व्यवस्थित गर्दै लगिनेछ ।
५. नगर क्षेत्रमा पूर्ण सरसफाईका लागि टोलविकास संस्था विस्तार गरी नगरको सरसफाई र विकासको लागि परिचालन र प्रतिस्पर्धा गराई हातेमालो गरीनेछ ।
६. फोहोरमैला व्यवस्थापन ऐनलाई कडाइका साथ लागु गरिनेछ ।
७. फोहोर उत्पादकबाट सफाई शुल्क लिई फोहोरमैला व्यवस्थापन गर्न नीजि क्षेत्रलाई परिचालन गरिनेछ । उक्त क्रममा श्रोतमै फोहोर छुट्याई कुहिने फोहरलाई कम्पोष्टिङ्ग गर्न प्रोत्साहन गरिनेछ ।

८. नगर क्षेत्र भित्रका गल्ली, गोरेटो तथा सडकको सरसफाई तथा मर्मत सुधारमा टोल विकास संस्थाहरुसँग सहकार्य गरिनेछ ।

९. फोहोर व्यवस्थापन एवं सरसफाइका लागि चाहिने जनशक्ति करार सेवा मार्फत आपूर्ति गर्ने नीति अवलम्वन गरिने छ ।

## ३.४ संस्कृति प्रवर्द्धन

१. नगरपालिका भित्र रहेका विभिन्न समुदायहरुको चाडपर्व तथा मौलिक संस्कृतिको संरक्षण गरिनेछ ।

२. यस क्षेत्रमा जन्मी हुर्की देशका लागि जीवन उर्त्सग गर्नु हुने शहिद, शिक्षा, कला,साहित्य, पत्रकारिता, मानवअधिकार, विज्ञान, वातावरण, समाज सेवा लयायतका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु हुने व्यक्तिहरुलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

## ३.५ लक्षित वर्ग तथा समावेशिकरण

१. लक्षित वर्ग तथा सामाजिक समावेशिकरण तर्फ सामाजिक परिचालनको माध्यमद्वारा लक्षित समुहलाई शशक्तिकरण गरी मागमा आधारित (Demand Base) कार्यक्रम अझ प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२. एकल महिला, अपाङ्गता भएका व्यक्तिहरु, पिछडिएका बर्गहरुलाई संगठीत गरी रोजगारमूलक तालिमको व्यवस्थापन गर्दै आत्म निर्भरता तर्फ उन्मुख गर्ने नीति अवलम्बन गरिनेछ ।

३. ज्येष्ठ नागरिकहरुको सम्मान कार्यक्रमहरु साथै ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

४. नगरस्तरीय अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी नगरवाट परिचय पत्र वितरण गर्नुका साथै आवश्यक सहायक सामाग्रीहरुको वितरण गर्ने कार्य निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

५. दुर्गम तथा पिछडिएका समुदायलाई लक्षित गरी सञ्चालन गरिने पूर्वाधारहरु विकासका कार्यक्रमहरु दिर्घकालीन सोचको आधार तयार गरी निर्माण  गरिनेछ ।

६. नगरमा पछाडि परेको क्षेत्र, वर्ग समुदाय लक्षित रुपान्तरणीय सामाजिक परिचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७. सीमान्तकृत तथा गरिव समुदायलाई लक्षित गरी आय आर्जन, रोजगार प्रर्वद्धन, सीप विकास तथा सामाजिक आर्थिक सशक्तिकरण सम्बन्धिका कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा जोड दिईनेछ ।

८. पिछडिएको तथा उत्पीडित जाति, जनजाति एवं महिला र वालबालिकाको लागि आयमूलक तथा सीपमुलक कार्यक्रमहरु संचालन गरिने छ ।

९. अध्ययनशील लक्षित बर्गका विद्यार्थीहरुलाई वडा सिफारिसको आधारमा छनौट गरी वार्षिक पचास जनालाई सरकारी सेवा प्रवेशका निमित्त क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

१०. स्थानीय स्तरमा रहेको सीप र ज्ञानलाई उद्यमशीलतामा परिणत गर्न पालिकाले विशेष पहल र योजना ल्याउने छ । परम्परागत तरिकाले फलाम तथा तामाका भाँडा बनाउनेहरुका लागि बिजुली पुगेको ठाँउमा आधुनिक मेसिन जडान गरिदिनेदेखि छालाका काम गर्ने, लुगा सिलाउनेहरुका लागि उद्यमशीलता विकास गर्न मद्दत गर्ने कार्यक्रम लागू गरिने छ । पालिका भित्र रहेका परम्परागत सीप र ज्ञानलाई उद्यमशीलतामा परिणत गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।

**३.६ वालवालिका जेष्ठनागरीक, आदिवासी, गैर सरहकारी संस्था परिचालन सम्वन्धी**

१. वालवालिकाको क्षेत्रमा संस्थागत विकास, क्षमता विकास पूर्वाधार विकास सम्वन्धी नीतिलाई प्रथमिकताका साथ अघि बढाइनेछ । दलित आदिवासी जनजाति अपाङ्गता ज्येष्ठ नागरिक मधेशी मुस्लिम लाई वडागत रुपमा योजना माग गरी समानुपातिक रुपमा सन्तुलित रुपले शशक्तिकरण गर्ने कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

२. नगरका तुलनात्मक रुपमा पिछडिएका क्षेत्रमा पिछडिएका समुदाय लक्षित गरी आफ्ना कार्यक्रम संचालन गर्ने गैर सरकारी संस्थाहरुले वर्षभरी गर्ने कामको विवरण नगरपालिकाको वार्षिक नगर पुस्तिकामा समावेश गरी समन्वयमा कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ ।

३. नगरमा क्रियाशिल हुन आउने गैर सरकारी संस्था तथा परियोजना अन्तर्गतका कार्यक्रमहरुलाई नगरको गरिबी नक्साकंनमा पछि परेका वडाहरु तर्फ लक्षित गर्न गराउन  जोड दिईनेछ ।

**३.७ यूवा तथा खेलकुद र रोजगार कार्यक्रम**

१. यूवालाई स्वरोजगार मुलक कृयाकलाप एवं सामाजिक परिवर्तनका वाहकका रुपमा परिचालन गर्ने पहल गरिनेछ खेलकुद तथा सृजनशिल कार्यक्रममा संलग्न गराई समृद्ध नगर विकासमा सहभागी बनाइने छ ।

२. खेलकुद विकासको लागि आवश्यक पर्ने खेल मैदान, कबड हल निर्माण प्रकृया निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

३. नगरमा रहेको युवा बेरोजगारहरुलाई रोजगारको प्रावधान गर्न प्रधामन्त्री रोजगार कार्यक्रममा समेवश हुन अनलाईन रजिष्ट्रेशनमा सहजीकरण गर्नुका साथै प्रधानमन्त्री रोजगार कार्यक्रमद्वारा नगरमा सञ्चालनमा रहेको आयोजनालाई थप प्रभावकारी बनाउन उचित बजेटको व्यवस्थापन गरिनेछ ।

४. खेलप्रेमी युवाहरुलाई लक्षित गरि सञ्चालनमा रहेको नगर मेयर कप खेलकुद प्रतीयोगिताहरु नियमित रुपामा संचालन गरिनेछ ।

**४. संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

**४.१ सुशासन संगठन एवं प्रशासन**

१. क्षमता विकास योजना तयार गरी न.पा. मा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गरी उत्प्रेरित, प्रतिस्पर्धी, सक्षम, उत्तरदायी र नतिजामुखी बनाइनेछ । नगरपालिकाको कार्य सम्पादनलाई छिटो छरितो सेवाग्राहीमुखी तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईनेछ । कर्मचारीको वृत्ति विकास योजनालाई मध्यनजर गर्दै संचयकोषको व्यवस्था गरिनेछ ।

२. वस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड बमोजिम भुकम्प प्रतिरोधात्मक संरचनामा जोड दिने नीतिका लागि मापदण्ड वमोजिम नक्सा पास गर्न अनिवार्य गर्ने तथा मापदण्ड लागु हुनु भन्दा अघि बनेका तर नक्सा पास नभएका घरहरु अभिलेखिकरण गरिनेछ ।

३. कार्य सम्पादन र सार्वजनिक सेवा प्रवाहको आधारमा उत्कृट कर्मचारी छनौट गरी पुरस्कार प्रदान गरिने छ ।

४. भूमिहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित रुपमा बसोबास गरी रहेको सम्पूर्ण नागरीकहरुलाई यही आर्थिक वर्ष भित्र जग्गा धनी पूर्जा वितरण गर्ने नीतिका साथ कार्यहरु अगाडी बढाईने छ ।

५. यस नगरपालिकाको पहाडी भेग वडा नं. ९, १०, ११,१३ र १४ का जनताहरुको माग बमोजिम छुट्टै पालिका बनाउने सिफारिसका आधारमा प्रदेश लगायत केन्द्र सरकारसँग छुट्टै गाँउपालिका बनाउनका निम्ति सिफारिस गरिनेछ ।

## ४.२ सूचना प्रविधि

१. नगरपालिकाका १४ वटै वडाहरुवाट अनलाईन राजश्व तथा अनलाईन सिफारिस जडान गरी सुचना प्रविधिमैत्री वडाका रुपमा थालनी गरिनेछ ।
२. सूचना प्रविधि शिक्षालाई अन्तराष्ट्रियस्तरको बनाउने क्रममा नगरका सम्पुर्ण सामुदायीक मा. वि. विद्यालयहरुको लागि नगरले वेव साईट निर्माण गरी वितरण गरिने छ ।
३. वाईफाई जोनको विस्तार गरी गाउँ क्षेत्रलाई समेत समेटिने छ ।
४. नगरलाई अधुनिक वनाउँनेतर्फ सम्पुर्ण वडामा ई हाजिरी जडान गरी भुक्तानी समेत आनलाईन मार्फत गराउने प्रक्रिया अगाडी वढाईने छ ।
५. प्रत्येक घर घरमा इन्टरनेटको पहुच पुयाउने उदेश्यले अप्टिकल फाईवर विस्तारको प्रक्रियालाई तीव्रताकासाथ अगाडी वढाई निरन्तरता दिईनेछ ।
६. नगरपालिकाको गतिविधि निरन्तर रुपमा प्रसारण गर्न स्थानीय रडियो तथा अन्य सूचना प्रदायक संस्थाहरुवाट प्रसारण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## ४.३ पञ्जिकरण र संस्थागत विकास

१. नगर नागरिक वडापत्र कार्यन्वयन गरिने, नगरमा संचालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन प्रगति समिक्षा, सार्वजनिक सुनुवाई सामाजिक परिक्षण आदि मार्फत सुशासनमा जोड दिईनेछ ।
२. नगरसँग सम्वन्धित सुचना तथ्याङ्कलाई अद्यावधिक गरी नगर प्रोफाईल तयार गरिनेछ ।
३. सामाजिक सुरक्षा भत्ता योग्य लाभग्राहीले स्व-ईच्छाले भत्ता नलिने निवेदन गरेमा त्यस्ता लाभग्राहीहरुलाई नगरस्तरवाट विशेष कार्यक्रम गरी सम्मान गरिनेछ ।
४. सामाजिक सुरक्षा भत्ता वितरणमा बैकिङ्ग प्रणालीलाई अझ प्रभावकारी बनाउन सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरुसँग प्रत्येक चौमासिकको अन्तमा समिक्षा, सल्लाह-सुझाव तथा उत्प्रेरणात्मक कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ ।
५. सबै वडाहरुमा अनलाईन व्यक्तिगत घटनादर्ताको विस्तार गरी प्रभावकारी बनाउने र अफलाईन घटनादर्ता भएको वडाहरुमा ईन्टरनेटका लागि नगरले ईन्टरनेट सेवा प्रदायक संस्थाहरुसँग आवश्यक समन्वय गरी ईन्टरनेट जडान गरिनेछ ।
६. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षालाई सत प्रतिशत कार्यान्वयन गर्न वार्षिक व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि दर्ता शिविरको आयोजन गरिनेछ ।
७. अनलाईन घटना दर्ता तथा सामाजिक सुरक्षाको बारेमा १४ वटै वडाका स्थानीय पञ्जिकाधिकारीहरुसँग पुनर्ताजगी तालीम सञ्चालन गरिनेछ ।
८. बैंक सम्म आई भत्ता बुझ्न नसक्ने अपाङ्ग तथा ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई बैंकसँग भएको सम्झौता बमोजिम घरदैलो सेवा प्रवाहलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

## ४.४ राजश्व परिचालन

१. करको दायरा बढाई आन्तरिक आयलाई वृद्धि गरी संस्थागत क्षमता बढाईनेछ । करदाता शिक्षा कार्यक्रम लाई निरन्तरता दिइनेछ । टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि गरी उनिहरु मार्फत नै कर संकलन र सूचना प्राप्त गर्ने परिपाटी विकास गर्दै लगिनेछ । ठूला करदाताको छुट्टै Data Base तयार गरिनेछ ।
२. स्थानीय सरकार ऐन, २०७४ र नियमावली २०७५ तथा अन्य प्रचलित ऐन नियमहरुको परिधिभित्र रही नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिसमा आन्तरिक कर, शुल्क र दस्तुर आदि नगरपरिषद्बाट स्वीकृत गरि चालु वर्ष देखि नै लागु गरिनेछ ।
३. नगरको उत्कृष्ट करदातालाई सम्मान गर्दै "मेरो योग्दान मेरै नगरको लागि" भन्ने स्लोगन सहित कर संकलन अभियान चलाईनेछ ।
४. प्रत्येक वडामा अनलाईन विलिङ्ग मार्फत कर तथा दस्तुर संकलनको व्यवस्था मिलाईनेछ ।
५. ई-सिफारिस तथा ई-पेमेन्टको लागि यसै आर्थिक वर्षमा आवश्यक व्यवस्था मिलाईने छ ।
६. वडा वडामा कर दस्तुर संकलनमा प्रतिस्पर्धा गराई उत्कृष्ट वडालाई पुरस्कृत गरिनेछ ।

## ४.५ स्थानीय मेलमिलाप

१. प्रत्येक वडामा स्थापना भएको मेलमिलाप केन्द्रलाई क्षेमता विकास गरि वैज्ञानिक ढंगबाट सामान्य प्रकृतिका विवादहरु मेलमिलापको माध्यमबाट वडामा नै विवाद सामाधान व्यवस्था गरिनेछ ।
२. घरेलु हिँसामा परेका महिला, वालवालिका तथा जेष्ठ नगरिकले न्यायिक समितिमा फिराद (निवेदन) दर्ता गर्दा शुल्क र अन्य कानूनी साहयता निशुल्क गरिनेछ ।
३. न्यायिक समितीबाट प्रदान गरिने सेवाहरु छिटो छरितो गर्न डिजिटल लाइजेसन गरिने छ ।
४. न्यायिक समितिमा न.पा समक्ष पेश भएको निवेदनको कारवाही किनारा गर्दा सम्भब भए सम्म मेलमिलाप गर्न प्रोत्साहन गरि दुवै पक्षको सर्वसहमतिमा मेलमिलाप गराईनेछ ।

## ५. वन वातावरण तथा जलवायु परिवर्तन

१. सडक निर्माण गर्दा सडकको दुवै साइडलाई वृक्षारोपण गर्ने नीति Environment Management Plan बमोजिम सडक निर्माण को कार्यलाई कार्यान्वयन गरिनेछ ।
२. वृक्षारोपण, नर्सरी साझेदारीमा निर्माण गरिनेछ ।
३. वातावरण मैत्री विकास निर्माणमा जोड दिईनेछ ।
४. हरित शहरको अवधारणा अनुरुप हरित पार्कहरु निर्माण विकासमा जोड दिईनेछ ।
५. जलचर जिवहरुलाई संरक्षण गर्न विषादी प्रयोग र करेन्ट लगाउने कार्यलाई निस्तेज पारी जैविक विविधता कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

## ६. बैकल्पिक उर्जा

१. नगरलाई उज्यालो शहर बनाउन वैकल्पिक उर्जाको प्रयोग गर्ने नीतिलाई विभिन्न गैर सरकारी संस्थाहरुको सहयोगमा कार्यान्वयनमा ल्याउन जोड दिइनेछ ।

## ७. विविध

१. उदय श्री क्याम्पसको दीगो व्यवस्थापनका लागि नगर स्तरीय दृष्टिकोण निर्माण गरी आवश्यक प्रवन्ध मिलाईनेछ ।

२. सार्वजनिक जग्गा संरक्षणको लागि प्रचलित ऐन नियम लाई आधार मानि दिगो सोचका साथ संरक्षण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

३. लघु उद्यम व्यवसाय संचालन गरि रोजगारी सिर्जनामा टेवा पुर्‍याईनेछ ।

४. नगरक्षेत्रमा मासु पसल दर्ता अनिवार्य गरिनेछ र पसल दर्ता गर्दा न्यूनतम मापदण्ड पुरा भएका पसलहरुलाई मात्र इजाजत पत्र दिईने नीति अबलम्वन गरिनेछ ।

५. सार्वजनिक जग्गा मिचेर बनेका संरचनाहरु हटाउने कार्यलाई कडाईका साथ लागु गरिने छ ।

६. नगरपालिकालाई आवश्यक पर्ने आधुनिक बसपार्कका लागि नगर विकास कोष सँग आवश्यक सहकार्य गरिनेछ ।

७. नगरपालिकाको आन्तरिक आय वृद्धि गर्न सपिङ्ग कम्प्लेक्स निर्माणका लागि नगर विकास कोष सँग अनुरोध गरिने छ ।

८. नगरपालिकाभित्र रहेका वर्थिङ्ग सेन्टरहरुलाई आवश्यक सहयोग गरिने छ ।

९. नगरपालिकालाई आवश्यक पर्ने जनशक्ति पूर्ति गर्न लोक सेवा आयोग सँग आवश्यक समन्वय गरिने छ ।

१०. कर्मचारीका क्षमता विकासका लागि आवश्यक तालिमहरु सञ्चालन गरिने छ ।

११. नगर क्षेत्रमा ढल निकास गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

१२. नदी नियन्त्रण कार्य योजना बनाई दिगो सोचका साथ कार्यान्वयन गरिदै लगिनेछ ।

१३. सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाईदा हुने तथा रोजगार प्रवर्द्धन हुने र आयमूलक कार्यक्रमहरु संचालनका लागि तालिमको व्यवस्थापन गरिनेछ ।

## आदरणीय सभाध्यक्ष ज्यू, उपस्थित सम्पूर्ण सभासदज्यूहरु,

अब हाम्रो यस गरिमामय नगरसभामा आगामी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र आगामी आ.व. ०७७/०७८ को बजेट, नीति कार्यक्रम प्रस्तुत गरी रहँदा सहभागिता मूलक योजना तर्जुमा प्रक्रियाबाट नगर सभामा प्राप्त योजनाहरुमध्ये यथासम्भव प्राप्त सुझाव र महत्वको आधारमा प्राथमिकिकरण गर्दै हाल विश्व महामारिको रुपमा फैलिरहेको कोरोना भाईरस कोभिड १९ को प्रकोपले देश तथा विदेशी भूभागवाट आफ्नो रोजगार गुमाई बेरोजगार भएको युवाहरुलाई कृषि पेशामा आकर्षित गरी रोजगारको सुनिश्तिचा गर्ने उद्देश्यका साथ भूगोल, जनसंख्या र बस्तीलाई आधार मानी सकभर सन्तुलित गर्ने व्यवस्था मिलाईएको छ । स्थानिय सरकार संचालन ऐन २०७४ ले गरेको व्यवस्था बमोजिम आन्तरिक राजश्व संकलन परिचालन गर्ने तथा कार्यालयको क्षमता सुदृढिकरण गरिने छ । साथै प्रस्तुत नीति तथा कार्यक्रमहरुलाई यस गरिमामय सभाले व्यापक छलफल गरी नगरबासीको हितमा आवश्यक निष्कर्ष निकालिने छ भन्ने अपेक्षा गरिएको छ ।

हाम्रो विगतका अनुभवले सहकार्य र एकताबाट मात्र परिवर्तन सम्भव भएको पाठ सिकाएको छ । विभाजित मानसिकताले जटिलता सिर्जना गर्दछ र प्रगतिलाई अवरोध गर्दछ । कटारी नगरको विकास र समृद्धि हामी सबैको साझा लक्ष्य हो । तसर्थ सकारात्मक सोचको विकास गरी, एकजुट भई अगाडि बढ्नु आजको मुख्य आवश्यकता हो । हाम्रो उक्त साझा लक्ष्य प्राप्त गर्न हामी बीचमा सहकार्य, सहयोग, विश्वास र एकताको आवश्यकता छ भन्ने कुरा म स्मरण गराउन चाहन्छु । आर्थिक- सामाजिक विकास, आम नागरिकहरुमा सहज रुपले सार्जजनिक सेवा प्रवाह, तथा सुशासन प्रवर्द्धन गरी जनउत्तरदायी स्थानीय सरकार निर्माण गर्ने हामी सबैको साझा उद्धेश्य हो ।

**सभा अध्यक्षज्यू,**

अब म आर्थिक वर्ष २०७७/०७८ को यथार्थ आय एवं ०७७/०७८ को जेष्ठ सम्मको खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७७/०७८ मा यस न.पा.को आन्तरिक स्रोत तर्फको राजस्व जेष्ठ गते सम्म रु ३ करोड ६५ लाख ३९ हजार २ सय २१ रुपैया उठेको छ । असार मसान्तसम्ममा रु. ६ करोड २५ लाख, को लक्ष्य रहेको थियो ।

आ.व २०७७/०७८ को जेष्ठ सम्म व्यय तर्फको अ.ल्या एवं आन्तरीक स्रोत तर्फ रु. ६ करोड ५० लाख ३६ हजार ८ सय ५८ रुपैया, सर्शत अनुदान तर्फ रु. २८ करोड २२ लाख १७ हजार ९ सय ४९ रुपैंया, सामाजिक सुरक्षा तर्फ रु. १३ करोड ६८ लाख ७९ हजार २ सय १७ रुपैया, बहूक्षेत्रीय पोषण (न.पा.को थप समेत) तर्फ रु ६ लाख ७५ हजार, गरिबसँग विशेश्वर कार्यक्रम तर्फ रु. २ लाख ५ हजार, सडक वोर्ड नेपाल तर्फ रु. २० लाख ९७ हजार ९ सय ३५ रुपैया, प्रदेश सरकारको सशर्त अनुदान तर्फ रु. ४४ लाख ९९ हजार ६ सय ९० रुपैया, सि एम सि नेपाल साझेदारी कार्यक्रम बाट रु. ८ लाख २४ हजार ३ सय ८२ रुपैया, प्रदेश समानीकरणबाट रु. ६७ लाख ६ हजार ७ सय, प्रयास हेल्भेटास कार्यक्रमबाट रु. ४४ लाख ७० हजार ५ सय ५७ रुपैया, प्रदेशको राजस्व वाडफाड रु १ करोड ९ लाख ९५ हजार ६ सय ३३ रुपैया, संघीय वित्तिय समानीकरण ५ करोड २६ लाख ५८ हजार ७ सय ६० रुपैया र संघीय राजश्व फाडफाड १० करोड ४१ लाख ८४ हजार ५ सय ७७ रुपैया रकम गरी जम्मा रु. ६७ करोड १४ लाख ७४ हजार ७ सय ५७ रुपैया  हालसम्म खर्च भई सकेको व्यहोरा निवेदन गर्दछु ।

नेपालको संविधान २०७२ अनुरुप स्थानीय तहलाई प्राप्त हुने राजस्व जस्तै वन रोयाल्टी, जल विद्युतवाट प्राप्त हुने रोयल्टी विषयमा प्रदेश सरकार एवं केन्द्रीय सरकारवाट प्राप्त गर्ने विषयमा नगरपालिकाले पहल गरिरहेको व्यहोरा निवेदन गर्दछु ।

**सभा अध्यक्षज्यू,**

यस आ.व.मा हामीले झण्डै ८१.२५ प्रतिशत भौतिक प्रगती प्राप्त गरी सकेको र बाँकी योजनाहरु समापनको अन्तिम चरणमा रहेका छन् । बजार मूल्य, ज्याला दर, अकस्मात बृद्धि भई केहि योजनाहरु सम्पन्न गर्न नसकिएको स्मरण गराउन चाहन्छु ।

**सभा अध्यक्षज्यू,**

**अब म आगामी आ.व. २०७८/०७९ को अनुमानित बजेट विवरण पेश गर्न अनुमति चाहन्छु ।**

आगामी आ.व. २०७८/०७९ को आय तर्फ आन्तरिक आय रु. **३ करोड ६० लाख**, वित्तीय समानिकरण अनुदान (संघीय) रु. **११ करोड ५५ लाख**, वित्तीय समानिकरण अनुदान (प्रदेश) रु. **६६ लाख २१ हजार** राजस्व बाडफाँड (संघीय) रु. **१३ करोड १४ लाख ९९ हजार,** राजस्व बाडफाँड (प्रदेश) रु. **२ करोड ९ लाख ५ सय ५० रुपैया,** समपुरक कोष (प्रदेश) **१ करोड,** सशर्त अनुदान (प्रदेश) **२ करोड २ लाख ९६ हजार**, सशर्त अनुदान रु. **३८ करोड ४ लाख**, , गरी जम्मा अनुमानित आय रु **७२ करोड १२ लाख १६ हजार ५ सय ५० रुपैया मात्र रहेको छ ।**

यस आर्थिक वर्षमा पूर्वाधार निर्माणमा यस न.पा.ले जोड दिएको छ, पूर्वाधारको विकास नै हाम्रो न.पा.को लागि पहिलो विकासको खुड्किलो हो साथै लक्षित कार्यक्रम, कृषि, शिक्षा, स्वास्थ्य, पशु विकास, खेलकुद, खानेपानी, सडक, वातावरण संरक्षण सरसफाई कार्यक्रम, विद्युत विस्तार, घरेलु उद्यम सम्बनिध तालिम तथा महिला विकास लगाएतका क्षेत्रमा नगरपालिकाले सिमित स्रोत र साधनका वाबजुद रकम विनियोजन गरेको छ यसवाट नगरपालिकाका युवा जनशक्तिलाई तालिम प्रदान गरी आत्मानिर्भर बनाउन पहल गरिनेछ भन्ने विश्वास लिएको छु । त्यस्तै फरक क्षमता भएका व्यक्ति, महिला, एकल महिला, वृद्ध-वृद्धा, अशक्त व्यक्ति, व्यसहारा व्यक्ति, मुस्लिम, मधेशी दलित, अल्पसंख्यक, आदिवासी, जनजातीको क्षेत्रमा रकम विनियोजन गरिएको छ । यसवाट समतामूलक समाजको निर्माणमा योगदान पुग्नेछ भन्ने अपेक्षा गरेको छु ।

पत्रकार, मानवअधिकार कर्मी, व्यवसायीहरुको हक हितको निमित्त पनि सहकार्य, सहयोग र समन्वयमा विविध कार्यक्रमहरु सञ्चालन गरिने छन् । नगरको विकासको लागि हामी सम्पूर्ण नगरवासिहरुको सहयोगको अपेक्षा गर्दछौ ।

सभाध्यक्ष ज्यू, कटारी न.पा.को आ.व.२०७८/०७९ को लागि आर्थिक ऐन २०७८ र विनियोजन ऐन २०७८ छलफलको लागि सभा समक्ष पेश गरेको छु । पर्याप्त छलफल गरी सभाबाट पारित गर्नुहुनेछ भन्ने आशा लिएको छु ।

अन्त्यमा, यस कटारी नगरको सातौं सभालाई सम्बोधन गर्न पाउँदा सभाध्यक्ष लगायत सम्पूर्ण सभासदहरु प्रति कृतज्ञता ज्ञापन गर्दै धन्यवाद दिन चाहन्छु ।

**भीम कुमारी राउत**
नगर उप प्रमुख
कटारी नगरपालिका

## "धन्यवाद"